**HBL** हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

को

# एकतीसौं वार्षिक साधारण सभाबारे सूचना

२०८० साल पौष ०५ गते बसेको सञ्चालक समितिको बैठक नं. ४४७औं को निर्णयानुसार यस बैंकको एकतीसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा शेयरधनी महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । आवश्यक कागजातहरू शेयरधनी महानुभावहरूलाई यथासमयमा पठाइने व्यहोरा अनुरोध छ ।

२०८० साल पौष ८ गते कारोबारमा प्रकाशित

**एकतीसौं वार्षिक साधारण सभा बस्ने मिति, समय र स्थान**

**मिति** : **२०८० साल पौष २९ गते आइतबार (तदनुसार जनवरी १४, २०२४)**
**समय** : **बिहान ९:०० बजे**
**स्थान** : **नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौं**

## छलफलका विषय-सूची

**क) सामान्य प्रस्ताव**

१) एकतीसौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन,

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८० साल असार मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७९/८० को नाफा-नोक्सान हिसाब तथा नगदप्रवाह विवरण (बैंक तथा सहायक कम्पनीहरू श्री हिमालयन क्यापिटल लि., श्री सिभिल क्यापिटल मार्केट लि. र श्री हिमालयन लघुवित्त वित्तीय संस्था लि. को वित्तीय विवरण सहितको एकिकृत विवरण) छलफल गरी स्वीकृत गर्ने,

३) संस्थापक शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद ५ (पाँच) को निर्वाचन,

४) साधारण शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद १ (एक) को निर्वाचन,

५) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८०/०८१ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने,

**ख) विशेष प्रस्ताव**

१) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को परिच्छेद ३ को दफा ९ मा व्यवस्था भए बमोजिम बैंकको कुल शेयर पूँजीमा आवश्यक सर्वसाधारण शेयरधनी शेयर अनुपात कायम गर्नका लागि साधारण शेयर थप सार्वजनिक निष्काशन (Further Public Offering) गर्ने । थप सार्वजनिक निष्काशन हुने साधारण शेयरको संख्या निर्धारण गर्ने र सोको अङ्कित मूल्यमा प्रिमियम समेत थप गरि जारी हुने शेयरको प्रिमियम सहितको मूल्य निर्धारण गर्ने, थप सार्वजनिक निष्काशन (Further Public Offering) गरिसकेपछि बैंकको जारी तथा चुक्ता पूँजीमा वृद्धि हुने भएकोले सोही बमोजिम जारी तथा चुक्ता पूँजी कायम गर्ने र थप सार्वजनिक निष्काशन भए पश्चात् बैंकको साधारण शेयरधनी समूहको स्वामित्व प्रतिशत वृद्धि हुने र संस्थापक शेयरधनी समूहको स्वामित्व प्रतिशत घट्ने भएकोले सोही बमोजिम बैंकको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने तथा सो सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्य गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने,

२) बैंकले आर्थिक वर्ष २०७९/८० मा संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को खण्ड (ग) ले निर्धारण गरेको सीमाभन्दा माथि गरेका सहयोग अन्तर्गत शिक्षा, स्वास्थ्य, खेलकुद, वातावरण संरक्षण लगायत विभिन्न सामाजिक कार्यहरू र विभिन्न संघ संस्थाहरूलाई प्रदान गरेको कुल रकम रू. ३,३३,१७,७६०/– (अक्षरेपी तीन करोड तेतीस लाख सत्र हजार सात सय साठी मात्र) अनुमोदन गर्ने । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत खर्च भएको रकमहरूको विस्तृत विवरणहरू बैंकको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ ।

३) बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएको वा हुने संशोधनको लागि नियमनकारी निकायहरूबाट स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउँदा सामान्य हेरफेर गर्ने, संशोधनसम्बन्धी कागजात प्रमाणित गर्ने, दाखिला गर्ने र अभिलेख गराई लिन समेत सञ्चालक समितिलाई अधिकार दिने,

**ग) विविध**

## जानकारी

१) मिति २०८० साल पौष २० गते एक दिन शेयर दाखिल खारेज बन्द रहने कुरा जानकारी गराइन्छ ।

२) शेयरधनी महानुभावहरूलाई बैंकको शेयरधनी लगतमा कायम रहेको ठेगानामा वार्षिक प्रतिवेदन पठाइने छ ।

३) सभामा भाग लिनको लागि आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले आफ्नो सम्पूर्ण शेयरको एउटै प्रतिनिधि हुने गरी प्रोक्सी फारम भरी सभा शुरु हुनुभन्दा कम्तिमा ४८ घण्टा अगाडि कार्यालय समयभित्र श्री हिमालयन क्यापिटल लिमिटेड, ठमेलमा दर्ता गरिसक्नु पर्नेछ । उक्त दिन सार्वजनिक विदा परेको खण्डमा पनि उल्लेखित प्रयोजनको निमित्त उक्त कार्यालय खुल्ला रहने छ । बैंकका शेयरधनीलाई मात्र प्रोक्सी नियुक्त गर्न सकिनेछ तथा एकभन्दा बढी व्यक्तिलाई शेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्याएर दिएको प्रोक्सी बदर हुनेछ ।

४) सभामा भाग लिन र मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी दर्ता गरिसकेपछि प्रतिनिधि फेरबदल गर्न चाहेमा सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि कार्यालय समयभित्र श्री हिमालयन क्यापिटल लिमिटेड ठमेलमा प्राप्त हुने गरी सोको सूचना पठाउनु पर्नेछ । उक्त दिन सार्वजनिक विदा परेको खण्डमा पनि उल्लेखित प्रयोजनको निमित्त उक्त कार्यालय खुल्ला रहने छ ।

५) सञ्चालक पदमा उम्मेदवार हुनको लागि बैंकको नियमावलीको नियम १३ बमोजिम कम्तीमा १०० कित्ता शेयर लिएका शेयरधनीहरुले निर्वाचन हुने दिनभन्दा १५ दिन अगावै एकजना शेयरधनी प्रस्तावक र अर्को एकजना शेयरधनी समर्थक सहित आफ्नो उम्मेदवारी तोकिएको ढाँचा बमोजिम बैंकको केन्द्रीय कार्यालय, कमलादीमा दरखास्त दर्ता गर्नुपर्नेछ ।

६) छलफलको विषयमध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीहरुले सभा हुनुभन्दा ७ दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ ।

७) सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले सभा हुने दिन शेयरधनीको नाममा खोलिएको हितग्राही खाता (Demat) नम्बर साथमा लिइ आउन हुन अनुरोध छ ।

८) नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न पाउनेछन् ।

९) एकै शेयरधनीले कुनै एक प्रतिनिधि मुकर्रर गरेकोमा सो बदर नगरी अर्को प्रतिनिधि मुकर्रर गरेमा जुन मुकर्रित लिखत हिमालयन क्यापिटल लि., ठमेलमा पहिले प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ ।

१०) हाजिर पुस्तिका बिहान ०८:०० बजेदेखि खुल्ला रहने छ ।

११) संस्थापक तथा सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पदको निर्वाचनसम्बन्धी कार्यक्रमको निर्वाचन अधिकृतले छुट्टै सूचना प्रकाशित गरी जानकारी गराइने छ ।

## शेयरधनी महानुभावहरुलाई विशेष जानकारी

१. बैंकले आफ्ना शेयरधनीहरुलाई न्यूनतम मौज्दात रु. ५००।- (पाँच सय) मा शेयरधनी बचत खाता खोल्ने व्यवस्था गरेको छ । त्यसरी खाता खोल्ने शेयरधनीहरुको लाभाँश रकम उक्त खातामा जम्मा गरिनेछ ।

२. आ.व. २०७८।७९ र सोभन्दा अगाडिको लाभाँश तथा बोनस शेयर नलिनु भएका शेयरधनीहरुले हिमालयन क्यापिटल लि., ठमेलबाट लिनु हुन अनुरोध छ । साथै हितग्राही खाता (Demat) खोल्नु नभएका शेयरधनीहरुले हिमालयन क्यापिटल लि., ठमेलमा वा अन्य सम्बन्धित संस्थामा यथाशिघ्र उक्त खाता खोल्न अनुरोध छ ।

३. अन्य जानकारीको लागि बैंकका केन्द्रीय कार्यालय, कमलादी, काठमाण्डौमा कार्यालय समयभित्र सम्पर्क राख्नु हुन अनुरोध छ ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

# हिमालयन बैंक लिमिटेड

केन्द्रीय कार्यालय, कमलादी, काठमाण्डौं, फोन नं. : ०१-४२२७७४९